ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 02.08.2024

## PREZ-GOVERNORS CONFERENCE: NSD

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले राष्ट्रपति भवनमा राज्यपालहरूको दुई दिने सम्मेलनको उद्‌घाटन गर्नुभयो। सम्मेलनले केन्द्र र राज्यबीचको सम्बन्धलाई आकार दिन मात्र नभई आम जनताका लागि कल्याणकारी योजनाहरू प्रवर्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विभिन्न विषयहरूलाई समेट्नेछ। उहाँले आफ्नो सम्बोधनमा, यस सम्मेलनको एजेन्डामा राष्ट्रिय लक्ष्य प्राप्तिका लागि महत्त्वपूर्ण विषयहरू सावधानीपूर्वक छनोट गरिएको जानकारी दिनुभयो। उहाँले यस सम्मेलनमा हुने छलफल सबै सहभागीका लागि ठोस अनुभव बन्ने र यसबाट उनीहरूको कार्यसम्पादनमा सहयोग पुग्ने बताउनुभयो। सम्मेलनमा विभिन्न सत्रहरू डिजाइन गरिएको छ, जसमा राज्यपालहरूको उप-समूहहरूले प्रत्येक एजेन्डाका विषयमा छलफल गर्नेछन्। राज्यपालहरूबाहेक, ती सत्रहरूमा केन्द्रीय मन्त्री र सम्बन्धित मन्त्रालयका अधिकारीहरू पनि सहभागी हुनेछन्।

## Governor Attends National Conference: IPR

सिक्किमका राज्यपाल श्री ओमप्रकाश माथुर आज बिहान नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा आयोजित राज्यपालहरूको प्रतिष्ठित राष्ट्रिय सम्मेलनमा सहभागी हुनुभयो। हिजो सुरु भएको तीन दिने यो सम्मेलनमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखर, प्रधानमन्त्री श्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री श्री अमित शाह, र राज्यका राज्यपालहरू र केन्द्र शासित प्रदेशका लेफ्टिनेन्ट गभर्नरहरू उपस्थित हुनुहुन्थ्यो।

## CM-Sarathi Samman Diwas:IPR

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज मनन केन्द्रमा सारथी सम्मान दिवस कार्यक्रमलाई सम्बोधन गर्दै, ‘चालक गुरुजीहरू’ का कल्याणका लागि विभिन्न घोषणा गर्नुभएको छ। उहाँले घोषणा गरेका पहलहरू हुन्, **पहिलो,** प्रदूषण नियन्त्रित प्रमाणपत्र, PUC विना जरिमानामा कटौती, जुन पहिले 10 हजार रुपियाँ तोकिएको थियो, अब PUC विना गाडी चलाएमा जरिमाना घटाएर 500 रुपियाँ गरिएको छ। तर, प्रमाणपत्र 15 दिनभित्र पेस नगरेमा जरिमाना फेरि 10 हजार नै लाग्नेछ, **दोस्रो,** चालकको बिमा पलिसी गरिने, जसका लागि सारथी कल्याणकारी बोर्डले छिट्टै सबै चालकको बीमा पोलिसी गर्ने सुविधा दिनेछ। यस पलिसीबाट लाभ उठाउन चालकहरूले बोर्डमा आवश्यक कागजातहरू पेस गर्नुपर्नेछ, **तेस्रो,** सिक्किम क्याब एपको सुरुवात, यसका लागि सबै चालकलाई सिक्किम क्याब एप डाउनलोड गर्न प्रोत्साहित गरिएको छ। यो नयाँ मञ्चले अनलाइन प्रणाली मार्फत ट्याक्सी बुकिङमा क्रान्ति ल्याउनेछ र ट्याक्सी चालकहरूलाई आम्दानीका अवसरहरू मिल्नेछ, **चौथो,** पश्चिम बंगालसँग पारस्परिक यातायात सम्झौता गरिने, जसका लागि सरकारले पश्चिम बंगाल सरकारसँग नयाँ पारस्परिक यातायात सम्झौता स्थापना गर्ने प्रक्रिया अघि बढाइरहेको छ,

यसबाट सिक्किमबाट ट्याक्सी सवारीको कोटा बढ्नेछ, अनि पाँचौं, सिक्किम भोटर कार्ड धारकहरूलाई विलासी गाडीहरू चलाउन अनुमति दिइनेछ।

## Namchi-Fair Price Shop Meeting

नाम्ची जिल्लाको खाद्य तथा नागरिक आपूर्ति विभागले हिजो अप्पर घुरपिसेमा सुपथ मूल्य पसल स्तरीय सतर्कता समिति बैठक आयोजना गऱ्यो। बैठकको मुख्य एजेन्डामा राष्ट्रिय खाद्य सुरक्षा ऐन 2023 अन्तर्गतका सबै योजना कार्यान्वयनको नियमित अनुगमन गर्ने, राष्ट्रिय खाद्य सुरक्षा ऐनको व्यवस्था उल्लङ्घन भएमा जिल्ला गुनासो निवारण अधिकारीलाई लिखित रूपमा जानकारी गराउने, समितिले कोषको कुनै गलत प्रयोग वा दुरुपयोग गरिएको पाएमा जिल्ला गुनासो निवारण कार्यालयमा जानकारी गराउने विषयहरू समावेश थिए।

## Jorthang Murder: Madhu Sharma

हाम्रा गेजिङ संवाददाताका अनुसार, जोरथाङमा लोग्नेले आफ्नै स्वास्नीको हत्या गरी थानामा आत्मसमर्पण गरेको छ। प्राप्त जानकारी अनुसार जोरथाङ निवासी 37 वर्षीय भीमकुमार राई र उनकी पत्नी 33 वर्षीया स्मिता राईबीच घर झगड़ा हुँदाहुँदै झगडाले उग्र रूप लिएपछि यो दुःखद घटना भएको बताइएको छ। घटना हिजो बेलुकीको बताइएको छ। घटनापछि भीमकुमार राईले जोरथाङ पुलिस स्टेसनमा आत्मसमर्पण गरेका थिए। पुलिसले उनीविरुद्ध भारतीय दण्ड संहिताको धारा १०३ अन्तर्गत मुद्दा दर्ता गरेको छ। पुलिसले घटनाबारे अनुसन्धान गरिरहेको छ।

## जोरथाङ मर्डर

**हाम्रा गेजिङ सांददाताका अनुसार, जोरथाङमा लोग्नेले आफ्नै स्वास्नीको हत्या गरी थानामा आत्मसमर्पण गरेको छ। प्राप्त जानकारी अनुसार जोरथाङ निवासी 37 वर्षीय भीमकुमार राई र उनकी पत्नी 33 वर्षीय स्मिता राईबीच घर झगड़ा हुँदाहुँदै झगड़ाले उग्र रूप लिएपछि यो दुःखद घटना भएको बताइएको छ। घटना हिजो बेलुकीको बताइएको छ। घटनापछि भीमकुमार राईले जोरथाङ पुलिस स्टेसनमा आत्मसमर्पण गरेका थिए। पुलिसले उनीविरूद्ध भारतीय दण्ड संहिताको धारा 103 अन्तर्गत मुद्दा दर्ता गरेको छ। पुलिसले घटनाबारे अनुसन्धान गरिरहेको छ।**

## Pakyong-Medalist Felicitation

मसल एण्ड फिटनेस जिम पाकिमले कजाकस्तानमा हालै सम्पन्न 11 औँ विश्व स्ट्रेन्थ लिफ्टिङ र इनलाइन बेन्च प्रेस च्याम्पियनसिपमा पदक विजेताहरूलाई आज सम्मान जनाएको छ। यो प्रतियोगितामा वीरेन्द्र मङ्गरले दुई स्वर्ण, रिकिला भोटियाले दुई रजत र चेवाङ लेन्डुप भुटियाले एक रजत र एक कास्य जितेका छन्। यो प्रतियोगिता जुलाई 15-19 सम्म आयोजित भएको थियो, जहाँ 12 देशले भाग लिएका थिए र सिक्किमबाट 15 सदस्य सहभागी थिए।